THE
CARTER CENTER

**स्थानीय विकास निकायहरूमा राजनीतिक दलहरूको भूमिकाबारे कार्टर सेन्टरको पर्यवेक्षण**

नोभेम्बर २३, २०११

## अ. प्रारम्भ तथा सारांश

यस दस्तावेजले जिल्ला विकास समिति, गाउँ विकास समितिजस्ता स्थानीय विकास निकाय तथा परियोजना उपभोक्ता समूहहरूका साथै विद्यालय व्यवस्थापन समितिहरूमा राजनीतिक दलहरूले खेल्ने भूमिकाको सन्दर्भमा कार्टर सेन्टरको पर्यवेक्षणलाई संक्षेपमा प्रस्तुत गरेको छ ।[१] यो विस्तृत सर्वेक्षण होइन बरु पर्यवेक्षक समूहहरूद्वारा जिल्ला तथा गाउँतहमा अन्तर्वार्ता गरिएका दल-सम्बद्ध तथा असम्बद्ध नागरिकहरूले पहिचान गरेका प्रवृत्ति तथा प्रकृतिहरूको सामान्य सिंहावलोकन मात्र हो । यो प्रतिवेदन राजनीतिक दलहरूको स्थानीय निकायहरूमा सहभागी हुने र प्रभाव पार्ने प्रवृत्तिहरूको बारेमा बढी ज्ञान राख्न चाहने व्यक्तिविशेष वा संगठनहरूको लागि संक्षिप्त पृष्ठभूमि दस्तावेजको रूपमा लक्षित छ ।

मुख्य तथ्यहरू:

१. सामान्यतः दलका प्रतिनिधिहरू जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिकाजस्ता सर्वदलीय संयन्त्रहरूमा स्वतन्त्र रूपमा सहभागी हुन पाउने बताउँछन् र अधिकांश जिल्लाहरूमा विकासका मामिलामा "राम्रो सहकार्य" हुने गरेको दलहरूले बताएका छन् । तथापि, अन्य व्यक्तिहरूले यो सहकार्यलाई नकारात्मक रूपमा पनि लिने गरेका छन्, जस्तै, दलहरूले आफ्नो स्वार्थअनुसार "बजेट बाँडफाँड" गर्नु ।

२. जिल्ला, गाविस वा वडामा रहेको आफ्नो समग्र सामर्थ्यअनुरूप स्थानीय निकायहरूमा प्रभावको बाँडफाँड हुने कुरालाई दलहरू प्रायः अनौपचारिक रूपमा स्वीकार गर्दछन् ।

३. निष्पक्ष हुने अभिप्राय भए पनि विद्यालय व्यवस्थापन समितिका पदहरूमाथि प्रायः दलहरूको प्रतिस्पर्धा हुने गर्दछ र त्यो नै अन्तरदलीय विवादको सबैभन्दा बढी दोहोरिने कारणमध्ये पर्दछ ।

४. निष्पक्ष हुने अभिप्राय भए पनि केही क्षेत्रका उपभोक्ता समूहहरूमा अत्यधिक राजनीतिकरण भएको छ र कहिलेकाहीं ती निकायहरूमा प्रभाव पार्नका लागि राजनीतिक दलहरू प्रतिस्पर्धा गर्दछन् ।

५. राजनीतिक दलहरू स्थानीय निकायका प्रमुख पात्र भएका क्षेत्रहरूमा नागरिकहरूले उनीहरूको भूमिकाबारे मिश्रित धारणा राखे । केही नागरिकहरूले तटस्थ वा सकारात्मक धारणाहरू व्यक्त गरे - उनीहरूले या त स्थानीय निकायहरूमा राजनीतिकरण हुनुलाई गम्भीर समस्याका रूपमा हेरेनन् या उनीहरूलाई दलहरूको सहभागिताले जिम्मेवारीबोधको बृद्धि गर्छ भन्ने लाग्यो । अन्य व्यक्तिहरूका धारणा भने बढी नै नकारात्मक थिए, उनीहरूले दल-सम्बद्ध सदस्यहरूले व्यक्तिगत र पक्षपातपूर्ण स्वार्थमाथि जोड दिने हुँदा सामान्य नागरिकहरू प्रक्रियाबाट बाहिरिने गरेको गुनासो गरे ।

अन्त्यमा, स्थानीय निकायहरूमा राजनीतिक दलहरूको वर्तमान भूमिकाका बारेमा छलफलका दौरान अधिकांश व्यक्तिहरूले सन् २००२ पछि निर्वाचित स्थानीय सरकारको रिक्तताले सरकारको जवाफदेहिता घटाएको धारणा व्यक्त गरेका थिए । कार्टर सेन्टरका पर्यवेक्षकहरूले स्थानीय निकायहरूलाई अझ जिम्मेवार बनाउनका लागि स्थानीय निर्वाचन महत्वपूर्ण कदम हुने र त्यो कार्यलाई प्राथमिकतामा राखिनुपर्ने धारणाहरू धेरै जिल्लामा सुने ।

[१] स्थानीय स्वशासन ऐन अन्तर्गत "स्थानीय निकाय" भन्ने शब्दावलीले औपचारिक रुपमा जिल्ला विकास समिति, गाविस तथा नगरपालिकाहरूलाई जनाउँछ । तथापि, यो दस्तावेजमा यस शब्दावलीलाई परियोजना उपभोक्ता समूहहरू तथा विद्यालय व्यवस्थापन समितिसमेतलाई जनाउनका लागि प्रयोग गरिएको छ ।

## आ. कार्यपद्धति

कार्टर सेन्टरले जुन २००९ देखि देशभरि रहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू सम्मिलित साना समूहहरूमार्फत नेपालको शान्ति तथा संविधान निर्माण प्रक्रियाको पर्यवेक्षण गरिरहेको छ ।[२] सन् २०११ को फेब्रुअरी र जुन महिनाबीच राजनीतिक स्थानबारे विस्तृत विवरण संकलन गर्न पर्यवेक्षकहरूले २५ जिल्लाको भ्रमण गरे र राजनीतिक स्थानको उप-वर्गको रूपमा पर्यवेक्षकहरूले स्थानीय निकायहरूमा राजनीतिक दलको सहभागितामाथि पनि नजर राखे । पर्यवेक्षणका अधिकांश तथ्यहरू कार्टर सेन्टरको अगस्ट २०११ को "नेपालमा राजनीतिक स्थानः हालैका परिवर्तन तथा आगामी चुनौतिहरूको एक लेखाजोखा" विषयक प्रतिवेदनमा प्रकाशित भएका थिए ।[३] तथापि, स्थानीय निकायहरूमा राजनीतिक दलहरूको सहभागिता र दलहरूको औपचारिक भूमिका नहुने विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समूहजस्ता निकायहरूको बारेमा वर्तमानमा तुलनात्मक रुपले थोरै मात्र जानकारी उपलब्ध भएको ठहर गर्दै थप विस्तृत तथ्यहरू उजागर गर्नका लागि कार्टर सेन्टरले यो विषयमा बेग्लै दस्तावेज प्रकाशित गर्ने निर्णय गऱ्यो । सन् २०११ को पूर्वार्द्धदेखिका प्रारम्भिक तथ्यहरूलाई विस्तार गर्न कार्टर सेन्टरका पर्यवेक्षकहरूले सन् २०११ को जुलाईदेखि सेप्टेम्बरसम्म धेरै जिल्लाहरूमा अनुसन्धान कार्य गरे । पर्यवेक्षकहरूले जिल्ला तथा गाविस तहका दलका प्रतिनिधि, सरकारी अधिकारी, विद्यालय व्यवस्थापन समिति तथा उपभोक्ता समितिका सदस्य, पत्रकार तथा अन्य नागरिकहरूसहितका थुप्रै नेपाली तथा अन्तर्राष्ट्रिय व्यक्तित्वहरूसँग अन्तरक्रिया गरे ।

## इ. पृष्ठभूमि र कानूनी रूपरेखा

*जिल्ला विकास समिति (जिविस), गाउँ विकास समिति (गाविस) तथा नगरपालिकाहरू*

विकेन्द्रिकरणका क्रमिक मापकहरूले विकासका प्राथमिकताहरू निर्धारण, बजेट विनियोजन तथा परियोजना कार्यान्वयनको अनुगमन गर्न स्थानीय निकायहरूको संरचना गरेका छन् । स्थानीय विकासमा राजनीतिक दलहरूको औपचारिक र अनौपचारिक भूमिका हुन्छ तथा निर्वाचन वा अन्य राजनीतिक कार्यक्रमको अभावमा यी निकायहरूमा सहभागिता जनाउनु दलका स्थानीय शाखाहरूको एउटा मूख्य कार्य हुन्छ । स्थानीय स्वशासन ऐन २०५५ (१९९९) अन्तर्गतका मूख्य संस्थाहरू जिविस, गाविस तथा नगरपालिका हुन् जो निर्वाचित निकाय हुनुपर्ने परिकल्पना गरिएको छ । सन् १९९७ देखि नै हुन नसकेको स्थानीय निर्वाचनको अभावमा यी निकायहरू राजनीतिक दलहरूले मनोनयन गरेका अनिर्वाचित प्रतिनिधिहरू (सर्वदलिय संयन्त्र) द्वारा प्रमुख सरकारी अधिकारीहरूको प्रतिनिधित्व र निजामति कर्मचारीले ( जिल्ला विकास समितिमा स्थानीय विकास अधिकारी, गाउँ विकास समितिमा सचिव र नगरपालिकामा कार्यकारी अधिकृतले ) अध्यक्षता गर्ने गरी प्रतिस्थापित भएका छन् । यी निकायहरूले आफ्नो क्षेत्रको विकासका प्राथमिकता निर्धारण गरि विकास बजेट विनियोजन गर्दछन् ।[४]

*उपभोक्ता समूहहरू*

स्थानीय स्वायत्त शासन ऐनले "उपभोक्ता" समूह नामक स्थानीय निकायको पनि व्यवस्था गरेको छ जसले जिविस, गाविस तथा नगरपालिकाका परियोजना कार्यान्वयन तथा व्यवस्थापन गर्दछन् । राजनीतिक दलहरूको औपचारिक भूमिका रहने परिषद्हरूभन्दा भिन्न यस्ता उपभोक्ता समूहहरू परियोजनाका लाभार्थीहरूको आधारभूत समिति होउन् भन्ने अभिप्राय रहेको हुन्छ ।[५] यीमध्ये अधिकांश उपभोक्ता समूहहरू वडा तहमा हुन्छन् र तिनले जिल्ला विकास, गाउँ विकास समितिहरूको बजेटमा चल्ने सडक, सिंचाई, विद्युत जस्ता परियोजनाहरूको कार्यान्वयन, व्यवस्थापन गर्दछन् । उनीहरूको उत्तरदायित्वमा उपभोक्ताबाट शुल्क लिने, भौतिक संरचनाको सम्भार, परियोजनाको लेखा राख्ने तथा परियोजना कार्यान्वयनमा आवश्यक परेमा ठेकेदार वा अन्य समूहहरूलाई भाडामा लिने पर्दछन् । स्थानीय स्वायत्त शासन ऐन अन्तर्गत उपभोक्ता समूहहरू हरेक परियोजनाका लाभार्थीहरूको बीचबाट नै गठन हुनुपर्ने अपेक्षा हुन्छ । सातदेखि ११ सदस्यीय हुने यी समितिहरू सहमतिमा गठन हुने गर्दछन् । सहमति नभएमा सदस्य वा प्रमुख पदहरूको निर्णय निर्वाचनबाट गरिन्छ । अलग आशयका व्यक्तिहरू (निर्वाचित अधिकारी, ठेकेदार तथा गाविसको सर्वदलीय संयन्त्रका सदस्यहरू) यी समितिमा बस्न प्रतिबन्धित हुन्छन् र कसैले पनि एकभन्दा बढी समितिमा काम गर्न पाउँदैन ।

---

[२] यस अलावा, कार्टर सेन्टरले नेपालमा निर्वाचनआयोगद्वारा हाल जारी मतदाता दर्ता कार्यक्रमको समेत पर्यवेक्षण गरिरहेको छ ।

[३] यस दस्तावेजमा रहेकामध्ये केही तथ्यांकहरू कार्टर सेन्टरको, "नेपालमा राजनीतिक स्थानः हालैका परिवर्तन तथा भावी चुनौतिहरूको एक लेखाजोखा" मा संक्षेपमा उल्लेख गरिएका थिए, अगष्ट ४, २०११, पृष्ठ १६-१८, http://www.cartercenter.org/resources/pdfs/peace/democracy/Carter%20Center_Political%20Space%20in%20Nepal_Aug%204%202011_EN.pdf मा उपलब्ध ।

[४] सन् १९९७ मा निर्वाचित भएका स्थानीय परिषद्हरूको म्याद सन् २००२ मा समाप्त भयो । स्थानीय विकास मन्त्रालयद्वारा अगष्ट २००६ मा जारी गरिएको सर्कुलरले स्थानीय निर्वाचनको अभावमा जिविस र गाविस परिषद्हरूले कसरी काम गर्ने भन्ने व्याख्या गर्नुका साथै र अन्तरिम माध्यमका रुपमा दलका प्रतिनिधिको नियुक्तिको भूमिका सुनिश्चित गरेको छ ।

[५] जलस्रोत ऐन २०४९ (१९९२) तथा वन ऐन २०४९ (१९९३) जस्ता ऐनहरूले उपभोक्ता समूहहरूका लागि स्थानीय प्राकृतिक साधनस्रोतको व्यवस्थापन गर्ने व्यवस्था गरेका छन् । तथापि, यस प्रतिवेदनका लागि कार्टर सेन्टरका पर्यवेक्षकहरू स्थानीय स्वायत्त शासन ऐनद्वारा शासित उपभोक्ता समूहहरूमाथि केन्द्रित रहे ।

*विद्यालय व्यवस्थापन समितिहरू*
माथि वर्णन गरिएका स्थानीय निकायहरूका अलावा, शिक्षा ऐन २०२८ (१९७१) मा सन् २००१ मा भएको संशोधनले विद्यालय व्यवस्थापन समिति निर्माण गरी अविभावक, शिक्षक तथा निजामती कर्मचारीहरूलाई आफ्नो सरकारी विद्यालयको व्यवस्थापन गर्न सामेल गरायो । १२ जना सम्म सदस्य रहने यी समितिहरू विद्यालयको मर्मत सम्भार गर्न जिम्मेवार हुन्छन्, पाठ्यक्रममा केही अधिकार र निश्चित कोटाका शिक्षकहरूको नियुक्ति तथा खारेजी गर्न सक्छन् । शिक्षा मन्त्रालयको विद्यालय क्षेत्र सुधार कार्यक्रम २००९-२०१५ ले विद्यालय व्यवस्थापन समितिहरूलाई अझ सशक्त बनाउन र विद्यालयको क्रियाकलापलाई सुनिश्चित गर्न, नियामक आवश्यकताहरूको पालना गर्न तथा शिक्षकहरूको व्यवस्थापन गर्ने गरी उनीहरूको भूमिका विस्तार गर्ने परिकल्पना गरेको छ ।

*वडा नागरिक मञ्च तथा नागरिक चेतना केन्द्रहरू*
निर्वाचित स्थानीय निकायहरूको रिक्तताको हाल विद्यमान अवस्थामा सरकारले स्थानीय विकास योजनामा नागरिकहरूको सहभागिता बढाउन हालै पहल थालेको छ । स्थानीय विकास मन्त्रालयले नागरिकहरूको चेतना अभिवृद्धि गर्न, नागरिकका धारणा प्राप्त गर्न तथा स्थानीय विकास योजनामा नागरिकहरूको सहभागिता वृद्धि गर्न स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममार्फत देशभरीबाट छनौट गरिएका गाविसहरूका वडा तहमा वडा नागरिक मञ्च तथा गाविस तहमा नागरिक चेतना केन्द्रहरू गठन गर्नका लागि सामाजिक परिचालकहरू खटाउने प्रक्रियामा लागिरहेको छ । आगामी वर्षहरूमा यी नयाँ निकायहरू देशभरी स्थापना गर्ने योजना रहेको छ । वडा नागरिक मञ्च तथा नागरिक चेतना केन्द्रहरूसँग जिल्ला विकास समिति, गाउँ विकास समिति वा नगरपालिकाहरूमाथि औपचारिक शक्ति हुने नभए पनि उनीहरूले स्थानीय निर्वाचित प्रतिनिधिहरूको अभावमा परियोजनाहरूको योजना तथा अनुगमनमा सहयोग गर्नेछन् जसले यी अङ्गहरूमा बस्ने सरकारी अधिकारी तथा राजनीतिक दलका प्रतिनिधिहरूको जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ । वडा नागरिक मञ्च तथा नागरिक चेतना केन्द्रहरू अझै स्थापना प्रक्रियामै रहेको हुँदा देशभरी तिनीहरूको कार्यसञ्चालनको अवस्था फरक फरक छ ।[६] ती कहीं गठन भएका छैनन्, कहीं गठन भए पनि निष्क्रिय छन् भने केही वडा र गाविसहरूमा सक्रिय रूपमा काम गरिरहेका छन् ।[७] कार्टर सेन्टरको छ जिल्लामा गरिएको सीमित पर्यवेक्षणले स्थानीय सरकार तथा दलका अधिकारीहरू वडा नागरिक मञ्च तथा नागरिक चेतना केन्द्रहरूका बारेमा थोरै ज्ञात रहेको तथा सो धारणाप्रति सकारात्मक रहेको देखायो । तथापि, यी नयाँ निकायहरूको कार्यसञ्चालन शुरुवाती चरणमै रहेको हुँदा वार्ता गरिएका अधिकांश व्यक्तिहरूले यी निकायहरूको प्रभावकारिताका बारेमा कुनै अनुमान गर्न मानेनन् । धेरै व्यक्तिले वडा नागरिक मञ्च तथा नागरिक चेतना केन्द्रहरूको हाल विद्यमान संरचनासँग ठ्याक्कै कस्तो सम्बन्ध रहन्छ भन्ने अझै अस्पष्ट रहेको पनि बताए ।

*हालैका नीति परिवर्तनहरू*
स्थानीय निकायहरूमा दलको उत्तरदायित्व वृद्धि गर्न स्थानीय विकास मन्त्रालयबाट गएको वर्ष अन्य दुई नीतिमा भएका परिवर्तन उल्लेख्य रहे । पहिलो, हरेक जिविस, गाविस तथा नगरपालिकाका सर्वदलीय संयन्त्रहरूका हरेक दलले एक वर्षको लागि ती निकायमा काम गर्न एक जना व्यक्तिको नाम औपचारिक रूपले मनोनयन गर्नुपर्ने हुन्छ । यसअघि बैठकहरूमा भाग लिनका लागि दलका सदस्यहरू फरक फरक हुन सक्थे जसले गर्दा बिगतका बैठकको बारेमा पूर्ण जानकारी नहुनुका साथै व्यक्ति विशेषमाथिको उत्तरदायित्वबहनलाई न्युन गराउँथ्यो । दोस्रो, स्थानीय निकायहरूमा खेलेको भूमिकाका लागि अब दलका प्रतिनिधिहरूलाई अदालत तथा अख्तियार दुरूपयोग निवारण आयोगले कानूनी रूपमा जिम्मेवार ठहऱ्याउन सक्छन् । यसअघि स्थानीय निकायका निर्णयहरूमाथिको कानूनी जवाफदेहिता स्थानीय सरकारी अधिकारीहरूमा मात्र हुन्थ्यो ।[८] तथापि, नीतिमा भएका हालैका परिवर्तनहरू व्यवहारमा कसरी अघि बढिरहेका छन् भन्ने अस्पष्ट नै छ ।

## ई. सामान्य तथ्यहरू

**१. सामान्यतः दलका प्रतिनिधिहरू जिल्ला विकास समिति, गाउँ विकास समिति तथा नगरपालिकाजस्ता सर्वदलीय संयन्त्रहरूमा स्वतन्त्र रूपले सहभागी हुन पाउने बताउँछन् र अधिकांश जिल्लाहरूमा विकासका मामिलामा "राम्रो सहकार्य" हुने गरेको दलहरूले बताएका**

---

[६] स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको वडा नागरिक मञ्च तथा नागरिक चेतना केन्द्रहरूको स्थापना बारे थप थानकारीका लागि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमको डिसेम्बर २८, २००९ मा प्रकाशित "सामाजिक परिचालन निर्देशिका" हेर्नुहोस् । http://www.lgcdp.gov.np/home/pdf/Final_SM%20guidelines%20english%2028_12_09.pdf मा उपलब्ध ।

[७] वडा नागरिक मञ्चको सफलताको वृतान्तको लागि जुन ३, २०११ को संयुक्त राष्ट्रसंघ विकास कार्यक्रममा हेर्नुहोस्: "Ward Citizens Forum- bottom-up approach for inclusive development:" http://www.undp.org.np/success-stories/details.php?i=164 ।

[८] जिल्ला विकास समिति अनुदान कार्यसञ्चालन पद्धति २०६७, बुँदा ४४ । एक वर्षको अवधिका लागि एक जना सदस्यको मनोनयन गर्नुपर्ने प्रावधान कार्यान्वयन भएको छ वा छैन भन्ने तथ्यांक कार्टर सेन्टरसँग छैन । तथापि, सुदुरपश्चिमका दुई जिल्लास्थित सर्वदलीय संयन्त्रहरूको घटना अध्ययनमा संयुक्त राष्ट्रसंघका आवासिय संयोजक तथा आरसीएचसीओ कार्यालयले उक्त प्रावधानको एक जिल्लाले पालना गरेको र अर्कोले नगरेको उल्लेख गरेका छन् । कृपया आरसीएचसीओको अंक २५ को फिल्ड बुलेटिन हेर्नुहोस्, "All Party Mechanisms in Kanchanpur and Dadeldhura: Contributing to Local Governance?," नोभेम्बर २०११ ।

**छन् । तथापि, वार्ता गरिएका अन्य व्यक्तिहरूले कहिलेकाहीं यस सहकार्यलाई नकारात्मक रूपमा व्यक्त गर्दछन्, जस्तै, दलहरूले आफ्नो निहित स्वार्थका लागि "बजेट बाँडफाँड" गर्दछन् ।**

भ्रमण गरिएका लगभग सबै जिल्लामा वार्ता गरिएका दल, सरकार, तथा नागरिक समाजसम्बद्ध व्यक्तिहरूले जिविस, गाविस तथा नगरपालिकाहरू सहमतिका आधारमा संचालित रहेको तथा ठूला द्वन्द्वबाट मुक्तप्रायः रहेको बताए । दलहरू विकासका मामिलामा सामान्यतः राम्रो सहकार्य हुने तथा आफ्ना धारणा व्यक्त गर्न स्वतन्त्र रहेको बताउँछन् । एक मध्य-पश्चिमी पहाडी जिल्लाका एकजना राप्रपा नेताले समान भनाई दोहोऱ्याए: "विकास राजनीतिक दलहरूको साझा लक्ष्य हो, त्यसैले हामी सहमति खोज्न एकअर्कासँग सहकार्य गर्छौं ।"

वार्ता गरिएका अन्य व्यक्तिहरू भने "सहमति खोज्ने" भनेको दलहरूले "बजेट बाँडफाँड गर्ने" हो भन्दछन् । एक जना मानवअधिकारवादीले भने जस्तै, "यदि कुनै दलले विरोध गऱ्यो भने उनीहरूले चुप लाग्नका लागि ओखती (पैसा) पाउँछन् ।" केही मामिलामा, दल सम्बद्ध समूहहरूले बजेटबाट रकम वा अन्य प्रत्यक्ष फाइदा प्राप्त गर्दछन् । उदाहरणका लागि, दार्चुलाको एक गाविसमा बजेटको बारेमा हालै भएको एक विवाद एउटा सानो दलले आफ्ना धेरै समर्थकलाई काम दिने अनुमति पाएपछि र अन्य चार दलसम्बद्ध युवा समूहहरूले २०,००० देखि १००,००० रकम पाएपछि समाधान भएको थियो । कैलालीको एक गाविस कार्यालयले दलहरूलाई प्रत्यक्ष रकम दिइने गरेको बताए । एनेकपा(माओवादी) ले उक्त क्षेत्रमा आफ्नो पकडका कारण अन्य दलहरूभन्दा बढी (नेपाली कांग्रेसले ६,००० पाएको ठाउँमा एमाओवादीले २०,०००) पाएको बताइयो । अन्य मामिलामा, दलहरूले बजेटमाथिको हस्तक्षेपबाट अप्रत्यक्ष फाइदा हासिल गर्दछन्, उदाहरणका लागि परियोजनालाई कुनै खास निर्वाचन क्षेत्रमा लैजानु । पश्चिमाञ्चल क्षेत्रको एक जिल्लाका एक जना एमाले प्रतिनिधिले आफ्नो दलले पूर्व-समर्थकहरूको विश्वास पुनः प्राप्त गर्न ती क्षेत्रहरूमा बजेट विनियोजन गर्ने कोशिस गरेको बताए । अर्को जिल्लाका स्थानीय विकास अधिकारी तथा अन्य व्यक्तिहरूले दलहरूले आफ्नो अत्यधिक प्रभुत्व तथा समर्थन रहेको क्षेत्रमा विकास निर्माण गरे जसकारण जिल्लाका सबैभन्दा कम विकसित तथा सबैभन्दा बढी दुर्गम क्षेत्रहरूका लागि लगानीको अभाव भएको बताए ।[९]

**२. दलहरू प्रायजसो जिल्ला, गाविस तथा वार्डमा आफ्नो समग्र प्रभुत्वअनुरूप स्थानीय निकायहरूमा प्रभाव भागबण्डा लगाउन अनौपचारिक रूपमा राजी हुन्छन् ।**

दलहरू आफ्नो सांगठनिक शक्तिको अनुपातमा स्थानीय निकायहरूमा पदकका लागि अनौपचारिक मापदण्ड रहेको प्रायजसो स्वीकार गर्दछन् र उनीहरू स्थानीय पद तथा प्रभाव त्यसैअनुरूप बाँडफाँड गर्दछन् । मध्य पश्चिम क्षेत्रका एक जना एनेकपा(माओवादी) जिल्ला सचिवको भनाई अनुसार विकासका योजनाहरू घोषणा भएपछि उपभोक्ता समितिहरूका मुख्य पदहरूमा भागबण्डा गर्न राजनीतिक दलहरूको बैठक हुन्छ । त्यसै जिल्लाका एक जना गाविसस्तरिय नेपाली कांग्रेसका नेताले यसलाई स्वीकार गर्दै थपे कि गाविसका सबै दलहरूले उपभोक्ता समितिहरूमा पद प्राप्त गरे पनि मुख्य दलहरूले भने अझ बढी र राम्रा पदहरू प्राप्त गर्दछन् ।

दलहरूले आफ्नो पकड बलियो रहेका स्थानमा स्थानीय निकायहरूमा अझ बढी प्रभाव जमाउन कसरत गर्ने जिल्लाहरूमा प्रायः स्वीकार गरिन्छ । उदाहरणका लागि सुनसरीका उत्तरी क्षेत्रहरूका उपभोक्ता समूह, विद्यालय व्यवस्थापन समिति तथा गाविस परिषदहरूमा मधेशी दलहरूको प्रायः कम प्रतिनिधित्व रहेको छ जहाँ उनीहरूको संगठन र समर्थन कमजोर छ जबकी मधेशी दलहरू सशक्त रहेका दक्षिणी क्षेत्रमा गैरमधेशी दलहरूको उपस्थिति कमजोर छ । दलहरू एकअर्कामाथि स्थानीय निकायहरूमा विशेष गरी उपभोक्ता समूह तथा विद्यालय व्यवस्थापन समितिहरूमा "प्रभूत्व जमाउन" खोजेको आरोप बारम्बार लगाउँछन् । जे भए पनि, त्यस्ता गुनासाहरूका वावजुद उपभोक्ता समूहहरूको गठन भने प्रत्यक्ष द्वन्द्वबिना सरल तरिकाले अघि बढ्नेमा वार्ता गरिएका व्यक्तिहरू सहमत थिए ।

साना दलहरू जिविस र गाविस परिषद्मा आफ्ना धारणाहरू राख्न सामान्यतः स्वतन्त्र छन् । तथापि, निर्णय-कार्य भने ठूला दलहरूकै नियन्त्रणमा रहन्छ । धेरै जिल्लामा वार्ता गरिएका व्यक्तिहरूले साना दलहरूलाई पटकपटक छेउ लगाइने गरेको र कहिलेकाहीं त बैठकमा नै नबोलाइने गरेको बताए । उदाहरणका लागि, दार्चुलाका एकजना एमाले सदस्यले विश्लेषण गरे, "तीन मूख्य दलहरूले साना दलका कुरै सुन्दैनन् किनभने उनीहरूसँग न कार्यादेश छ न सदस्य नै ।" संखुवासभामा संघीय लिम्बुवान राज्य परिषद्ले आफ्ना सदस्यहरू उपभोक्ता समूहहरूमा सहभागी भए पनि माथिल्ला पदहरू प्रायजसो स्थापित राजनीतिक दलहरूले नै पाउने गरेको गुनासो गरे । तनहुँका दुई साना दलका प्रतिनिधिहरूले निर्णय लिने कार्यमा आफूहरूसँग परामर्श समेत नगर्ने र जिल्ला विकास समितिमा निर्णय गरिसकेपछि आफ्नो हस्ताक्षर मात्र खोज्ने गरेको गुनासो गरे । त्यसै जिल्लाका राप्रपा-नेपालका सदस्यले जिल्ला विकासमा आफ्नो दलको सामान्य सहभागिता रहेको बताउँदै भने, "हाम्रो केही प्रभावै नभए पनि हुँदै नहुनुभन्दा यो राम्रो हो" ।

---

[९] संयुक्त राष्ट्रसंघका आवासिय संयोजक एवं मानवअधिकारवादी संयोजकको कार्यालय (आरसीएचसीओ) ले समेत "गाविसको बजेट निहित स्वार्थ भएका समूहहरूका लागि छुट्याएर समग्र दुरुपयोग हुने गरेको व्यापक बुझाइ" रहेको उल्लेख गर्दै तराईका एकजना गाविस सचिवको भनाई साभार गरेको छ, "हामी सामान्यतः उपभोक्ता समूहहरूमा हस्तक्षेप गर्दैनौं किनभने उनीहरू स्थानीय राजनीतिज्ञहरूका अनन्य मित्र हुन्छन् । हामी उनीहरूले ल्याएका कागजलाई जस्ताको तस्तै स्वीकृती दिन्छौं ।" कृपया हेर्नुहोस्, आरएचसीओ, फिल्ड बुलेटिन नं. ३, "Empirical case-study of VDC Secretary absenteeism and related service delivery in 45 VDCs in rural Nepal," मे २०११, पृ. ७-८ ।

**विद्यालय व्यवस्थापन समितिका कार्यसञ्चालनका विषम उदाहरणहरू**

***विषय अध्ययन १: मुगुको विद्यालय व्यवस्थापन समितिको विवाद***

सन् २०११ को फेब्रुअरीमा एक दुर्गम गाविसको उच्च माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदका लागि निर्वाचन भएको थियो । एमाले र एनेकपा( माओवादी) ले नेपाली कांग्रेस समर्थक उम्मेदवार विरुद्ध गठबन्धन गरेपछि एमाले सम्बद्ध उम्मेदवारले निर्वाचन जिते ।

भोलीपल्ट साँझ, नशाले मात्तिएका एमाले र नेपाली कांग्रेसका कार्यकर्ताहरूबीच निर्वाचनको कुरामा वादविवाद भयो, परिणामतः दुई दिनसम्म गम्भीर अन्तरदलीय झडप भैरहृयो । तनाव मत्थर पार्न कांग्रेस तथा एमालेका जिल्लास्तरीय नेतासँगै प्रहरीले उक्त स्थलको भ्रमण गरे ।

कार्टर सेन्टरको समूहले मे महिनामा उक्त स्थानको भ्रमण गरेको समयसम्म पनि तीनै राजनीतिक दलहरू समितिका बाँकी रहेका पदहरूमाथि विवाद गरिरहेका थिए र विद्यालय व्यवस्थापन समिति पूर्ण रुपमा गठन भैसकेको थिएन ।

***विषय अध्ययन २: बाजुरामा शिक्षक नियुक्ति***

विद्यालय व्यवस्थापन समितिहरू सधैं पक्षपातपूर्ण तवरमा चल्दैनन् । उदाहरणका लागि, कार्टर सेन्टरका पर्यवेक्षकहरूले बाजुराको बढु गाविसको एक उच्च माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति तथा बृहत्तर सामुदायिक सहकार्यबारे विवरण प्रदान गरे ।

सन् २००८ मा विद्यालयका लागि नयाँ शिक्षक नियुक्त गर्नुपर्ने समयमा सार्वजनिक बैठक बोलाइयो जहाँ तीन मुख्य दलसहितका सबै सरोकारवालाहरूले नयाँ शिक्षक दलको सम्बद्धता वा अन्य सम्बन्धभन्दा व्यक्तिगत योग्यताका आधारमा भर्ना गर्ने विद्यालय व्यवस्थापन समितिको निर्णयलाई सम्मान गर्ने सहमति जनाए । विद्यालय व्यवस्थापन समिति प्रमुख नेकपा-एमालेका नेता भए पनि नेपाली कांग्रेसका कार्यकर्ताहरूले विद्यालयको व्यवस्थापनको खुलेर प्रशंसा गरे ।

यो दृष्टान्तबाहेक विद्यालयका शिक्षकहरूले बढुमा मात्र नभएर विद्यालयसँग सम्बन्धित मामिलाहरूमा निर्णय लिन सामूहिक बैठक बोलाइने परम्परा बाजुरा जिल्लाभरि नै रहेको बताए । बढुका शिक्षक तथा स्थानीय बासिन्दाहरूले गाउँले, बुद्धिजिवी तथा सरोकारवालाहरूसँगको परामर्शबिना कुनै पनि निर्णय नलिइने बताए ।

**३. निष्पक्ष हुने अभिप्राय भए पनि विद्यालय व्यवस्थापन समितिका पदहरूमा प्रायः राजनितिक दलका सदस्यहरूमाझ प्रतिस्पर्धा हुन्छ र ती अन्तरदलीय विवादका बारम्बार दोहोरिने कारणहरू हुन् ।**

धेरै क्षेत्रमा विद्यालय व्यवस्थापन समितिका पदहरूमा दल-सम्बद्ध उम्मेदवारहरू प्रतिस्पर्धा गर्दछन् ।[१०] उदाहरणका लागि, संखुवासभाका स्थानीय बासिन्दाहरूले विद्यालय व्यवस्थापन समितिका स्थानीय आमाबावु/अविभावकका लागि आरिक्षत पदहरूमा राजनीतिक दलहरूसँग सम्बद्ध समुदायका वरिष्ठ सदस्यहरूले फारम भरेको उल्लेख गरे । दार्चुलाका एकजना एमाले प्रतिनिधिले स्थानीय समितिहरूमा सधैं राजनीतिकरण गरिन्छन् तर विद्यालय व्यवस्थापन समितिहरूमा रहने पदपूर्तिको नियन्त्रण गर्ने शक्ति दलहरूको आकर्षणको केन्द्र भएको विश्लेषण गरे । त्यसै जिल्लाका एकजना इन्सेक प्रतिनिधिले यसमा सहमति जनाउँदै शिक्षकको नियुक्तिमा नियन्त्रण प्रदान गर्ने शिक्षा ऐन २००२ बाट प्राप्त अधिकारको कारण विद्यालय व्यवस्थापन समितिहरू राजनीतिकरण भएको उल्लेख गरे । सुदुरपश्चिमको अर्को जिल्लाका एकजना एनेकपा(माओवादी) नेताले विद्यालय व्यवस्थापन समितिहरू स्वभाविक रूपमा राजनीतिक भएको र समितिहरूमा उनको दलको प्रभाव जिल्लामा रहेको समग्र पकड अनुरूप नै प्रतिबिम्वित भएको बताए । विद्यालय व्यवस्थापन समितिहरूमा दलहरूको भूमिकामाथि प्रतिकृया दिँदै एकजना जिल्ला शिक्षा अधिकारीको सोचाईमा विद्यालय व्यवस्थापन समितिहरूमा दलका प्रभाव तुलनात्मक रूपमा "प्रजातन्त्रका लागि राम्रो हो किनकी जनताले अलग अलग दलहरूले कसरी प्रतिस्पर्धा गर्छन् भन्ने देख्न पाउँछन् ।"

विद्यालय व्यवस्थापन समितिबाट शिक्षकको भर्ना तथा बरखास्त तथा समितिका मूख्य पदहरूको निर्वाचन अन्तरदलीय विवादका सबैभन्दा बढी दोहोरिने कारकहरू हुन् । रुकुमका एकजना पत्रकारले विद्यालय व्यवस्थापन समितिका निर्वाचनहरूले राजनीतिक दलहरूबीच पटकपटक लडाइँको रूप लिने गरेको उल्लेख गर्दै सन् २०११ को शुरुतिर एक विद्यालय व्यवस्थापन समितिको निर्वाचनका दौरान नेपाली कांग्रेस र एमालेका कार्यकर्ताहरूबीच झडप भएको घटनालाई उद्धृत गरे । गोरखामा फेब्रुअरी २०११ मा भएको एउटा उल्लेख्य घटनामा माओवादी-सम्बद्ध विद्यालय व्यवस्थापन समितिका अध्यक्षले नेपाली कांग्रेस-सम्बद्ध शिक्षकलाई बरखास्त गर्ने प्रयास गरेको निहुँमा नेपाली कांग्रेस र एनेकपा(माओवादी) का समर्थकहरूबीच झण्डै झडप भएको थियो । अगस्ट २०१० मा कास्की जिल्लाको पोखरामा भैरहेको एक विद्यालय व्यवस्थापन समितिको निर्वाचनमा वाइसिएलले हस्तक्षेप गर्दा धेरै व्यक्ति घाइते भए । नेपाली कांग्रेस, एमाले र एनेकपा(माओवादी) ले तीनवटा विद्यालय व्यवस्थापन समितिको नेतृत्व बाँडफाँड गर्ने सैद्धान्तिक सहमति गरे पनि कुन विद्यालयमा कसले नेतृत्व गर्ने भन्नेमा सहमत हुन सकेनन् । तीमध्ये एउटा विद्यालय बढी धनी भएकाले त्यहाँ अधिकार जमाउनु बढी आकर्षक हुने बताइयो । कैलालीमा थारु स्वायत्त राज्य परिषद्का सदस्यहरूले एक विद्यालयका

[१०] विद्यालय व्यवस्थापन समितिहरूमा बाहिरि हस्तक्षेपलाई हतोत्साह गर्न शिक्षा मन्त्रालयले हालै विद्यालय व्यवस्थापन समितिको निर्वाचनका लागि "अविभावक" शब्दको अर्थलाई साँघुरो बनाएको छ । "विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र सदस्य छनौट गर्ने उद्देश्यका लागि आमा बुवा र हजुरआमा हजुरबुवालाई अविभावकको रुपमा दर्ता गरिनेछ ।" शिक्षा ऐन २०५९, छैठौं संशोधन, जनवरी २३, २०११ (गैरसरकारी अनुवाद) । यस संशोधनले विद्यालय व्यवस्थापन समितिहरूको राजनीतिकरणमाथि पारेको प्रभावको मूल्यांकन गर्न कार्टर सेन्टरका पर्यवेक्षक असक्षम रहे ।

प्रधानाध्यापकलाई परिषद्-सम्बद्ध एक शिक्षक नियुक्त गर्न दवाव दिँदै राती टेलिफोन गरे।[११]

**४. निष्पक्ष हुने अभिप्राय भए पनि केही क्षेत्रका उपभोक्ता समूहहरूमा अत्यधिक राजनीतिकरण भएको छ र कहिलेकाहीं दलहरू यी निकायहरूमा प्रभाव जमाउन प्रतिस्पर्धा गर्दछन् ।**

दलका सदस्यहरूका बीचमा नेतृत्वदायी पदहरूको भागबण्डा हुने भएकाले कहिलेकाहीं सामान्य नागरिकहरू उपभोक्ता समूहहरूको नेतृत्वबाट वञ्चित गरिन्छन् । केही मामिलाहरूमा नियमको उल्लंघन गर्दै परियोजना सञ्चालनहुने वडाभन्दा बाहिरका राजनीतिक दलका सदस्यहरूलाई पद दिइएको थियो । उदाहरणका लागि, मुगुमा वार्ता गरिएका व्यक्तिहरूले उपभोक्ता समूहका पदहरू कहिलेकाहीं समूह गठन गर्ने औपचारिक सामुदायिक बैठक हुनुअगावै राजनीतिक दलहरूका बीचमा “पूर्व-छलफल” हुने गरेको बताए । गोरखामा पर्यवेक्षकहरूले समितिका सदस्यहरू तथा पदहरू आफूहरूबीच बाँडफाँड गर्नका लागि राजनीतिक दलहरूले पहिले नै बैठक गरे जसमा गैरराजनीतिक लाभार्थीहरूको निर्णयकार्यमा थोरै मात्र संलग्नता रहेको उल्लेख गरे । पर्यवेक्षकहरूले अध्ययन गरेको एक सडक समूहका १५ मध्ये ९ सदस्यहरू गाविसस्तरीय सर्वदलीय संयन्त्रमा नै संलग्न थिए जुन् सरकारको नीतिको उल्लंघन हो।[१२] अध्यक्ष, सचिव तथा कोषाध्यक्षका तीन मुख्य पदहरू क्रमशः नेपाली कांग्रेस, एनेकपा(माओवादी) तथा एमालेका प्रतिनिधिहरूले लिएका थिए र समितिका अध्यक्षको भनाइमा ३३ प्रतिशतको महिला कोटामा महिलाहरूलाई पूर्व जानकारीबिना नै भर्ना गरिएको थियो । पर्यवेक्षकहरूले जिल्लाका अन्य धेरै समितिहरूमा त्यस्तै किसिमको पक्षपातपूर्ण संरचना भएको उल्लेख गरे । [१३]

दलहरू कहिलेकाहीं उपभोक्ता समूहहरूमा प्रभाव जमाउन प्रतिस्पर्धा गर्दछन् र अन्य दलको प्रभाव सीमित पार्ने कोशिस गर्दछन् । उदाहरणका लागि, पर्यवेक्षकहरूले भ्रमण गरेको तनहुँ जिल्लास्थित एमालेको प्रभुत्व रहेको एक स्थानको सडक उपभोक्ता समूहमा नेपाली कांग्रेस र एनेकपा(माओवादी) ले एमालेका कुनै पनि प्रतिनिधिलाई समितिमा बस्न नदिन सहकार्य गरे जबकी एनेकपा(माओवादी) को पकड रहेको एक क्षेत्रका स्थानीय समितिहरूमा माओवादीको “प्रभूत्व” हटाउन नेपाली कांग्रेस र एमालेले सहकार्य गरे । मुगुको एक सिंचाई समितिको अध्यक्ष पदका लागि नेपाली कांग्रेस र एमाले कार्यकर्ताहरूबीच विवाद भयो । अन्ततः उनीहरू समितिका उच्च पदहरूलाई तीन दलहरूबीच सांकेतिक रूपमा बाँडफाँड गर्ने र परियोजनाको बैंक खातामा सबैको पहुँच राख्ने सहमतिमा पुगे । सुनसरीको एक सिंचाई परियोजनाको उपभोक्ता समिति गठन गर्न दलहरू सहमत हुन नसकेपछि परियोजना नै स्थगित भएको बताइयो । सुनसरीकै अर्को गाविसको एक सडक निर्माण परियोजनाको समितिका मूख्य पदहरूमा  राजनीतिक दलहरूबीच सहमति हुन नसकेको हुनाले धेरै वर्षदेखि स्थगित छ ।

**५. राजनीतिक दलहरू स्थानीय निकायका प्रमुख पात्र भएका क्षेत्रहरूमा नागरिकहरूले उनीहरूको भूमिकाबारे मिश्रित धारणा राखे । केही नागरिकहरूले तटस्थ वा सकारात्मक धारणाहरू व्यक्त गरे – उनीहरूले या त स्थानीय निकायहरूमा राजनीतिकरण हुनु गम्भीर समस्या भएको देखेनन् या उनीहरूलाई दलहरूको सहभागिताले जिम्मेवारी–बोधको बृद्धि गर्छ भन्ने लाग्यो । अन्य व्यक्तिहरूका धारणा भने बढी नै नकारात्मक थिए, उनीहरूले दल–सम्बद्ध सदस्यहरूले व्यक्तिगत र पक्षपातपूर्ण स्वार्थमाथि जोड दिने हुँदा सामान्य नागरिकहरू प्रक्रियाबाट बाहिरिने गरेको गुनासो गरे ।**

स्थानीय शासनमा दलहरूको भूमिकाबारे नागरिका धारणाहरू फरक फरक हुनुका साथै राजनीतिकरणले उब्जाएको समस्याको मात्रा पनि जिल्ला र गाविसहरूबीच भिन्न छ।[१४] केही नागरिकहरूले स्थानीय निकायहरूमा  राजनीतिकरण हुनुलाई समस्याको रूपमा हेरेका थिएनन् भने केहीको मान्यतामा दलको सहभागिताले जवाफदेहिता बृद्धि गर्छ । झापामा अन्तर्वार्ता गरिएका कैयौं व्यक्तिहरूले उपभोक्ता समूहमा भएको सहभागिताले दलहरूलाई अझ जिम्मेवार संस्था बनाएको बताए । एकजनाले भने, “राजनीतिक दल तथा नागरिकहरूका मागहरूका बीच एक खालको सन्तुलन छ । राजनीतिक दलहरूले आफ्ना उम्मेदवारहरूलाई उपभोक्ता समूहका माथिल्लो पदहरूमा राख्न चाहन्छन्, (तथापि), स्थानीय जनता अध्यक्षको रूपमा सक्रिय र प्रभावशाली व्यक्तिलाई राख्न चाहन्छन् । समग्रमा सबैजनाले एक इमान्दार उम्मेदवारको अपेक्षा गर्दछन् जसले सर्वोत्कृष्ट काम गर्न सक्छन् ।” तनहुँका एक नागरिकको भनाइमा उनको गाविसको विद्यालय

[११] विद्यालय व्यवस्थापन समितिअन्तर्गत नियन्त्रण गर्नुपर्ने स्रोतहरूको परिमाण फरक फरक छन् । भ्रमण गरिएको बाँकेको एक विद्यालयमा २० मध्ये १६ शिक्षकहरू अस्थायी रुपमा विद्यालयको स्रोतबाट भर्ना भएका थिए र उनीहरू विद्यालय व्यवस्थापन समितिद्वारा नियुक्त र बरखास्त हुन सक्थे । यस अलावा, विद्यालयले जिल्ला विकास समिति तथा गाउँ विकास समितिद्वारा विनियोजन गरेको २००,००० रुपैयाँको समेत नियन्त्रण गर्थ्यो । कास्कीको अर्को विद्यालयमा विद्यालय व्यवस्थापन समितिको नियन्त्रणमा पाँचवटा मात्र अस्थायी नियुक्तिहरू थिए ।

[१२] उपभोक्ता समितिहरूमा राजनीतिक दलहरूको सहभागितालाई नियमन गर्ने कुनै विशेष व्यवस्था छैन, ती समितिहरू नागरिकका निकाय हुने परिकल्पना गरिएको छ । तथापि, अनुदानका लागि जिविस कार्यपद्धति २०६८ को पद्धति नं. २२(ग) ले सर्वदलीय संयन्त्रका सदस्यलाई उपभोक्ता समितिहरूमा बस्नबाट निषेध गरेको छ ।

[१३] तथापि, उपभोक्ता समूहहरू तथा विद्यालय व्यवस्थापन समितिहरूका “राजनीति सम्बद्ध” र “पक्षपाती” सदस्यहरूबीचको सम्बन्ध सधैं स्पष्ट देखिँदैन भन्ने थाहा पाउनु उपयोगी हुन्छ । उदाहरणका लागि, बझाङका धेरै व्यक्तिहरूले दलसम्बद्ध व्यक्तिहरूको नेतृत्वमा उपभोक्ता समितिहरू स्वतः नै हुने बताए किनकी उनीहरू नै सबैभन्दा प्रमुख र राम्रो सम्पर्क भएका स्थानीय बासिन्दा भएजस्तो देखिन्छ ।

[१४] कार्टर सेन्टरसँगको कुराकानीमा राष्ट्रियतहका धेरै व्यक्तिहरूले एकजना विश्लेषकको जस्तै धारणा व्यक्त गरेका छन्, “दलको संलग्नताका नकारात्मक धारणाहरू” तराईका भागहरूमा सर्वाधिक व्यक्त गरिन्छन् । तथापि, कार्टर सेन्टरको अभिलेख अनुसार स्थानीय निकायहरूको कार्यसञ्चालन भौगोलिक हिसाबले छुट्याउन सकिनेगरि व्यवस्थित छैन ।

व्यवस्थापन समितिमा भएको राजनीतिकरणको "शिक्षकहरू भर्ना गर्ने समयमाबाहेक कुनै खास असर परेको छैन, तथापि हामीसँग त्यस्तो ताजा उदाहरण छैन" । बझाङका एक नागरिकले नियुक्तिहरूमा दलको संलग्नता नभए "स्थानीय मान्छेहरूले यहाँ नियुक्ति पाउने अवसरै पाउँदैनथे" भन्ने विचार राखे । बाजुरामा अन्तर्वार्ता गरिएका धेरै नागरिकहरूले विद्यालय व्यवस्थापन समितिहरूमा दलको संलग्नतालाई समस्याजनक ठानेनन् ।

तथापि, अन्य नागरिकहरूले दलहरूको संलग्नतालाई स्वीकार गर्दै त्यस्तो संलग्नताले नकारात्मक असर पारेको मान्यता राखे । तनहुँका एक नागरिकले "उपभोक्ता समूहहरू जनताप्रति उत्तरदायी छैनन्" भन्ने गुनासो गरे र बताए कि, "जनता आफैं पनि त्यो जिम्मेवारी लिन चाहँदैनन् र एमालेको प्रभुत्व भएको हुनाले उनीहरू विरोधमा बोल्दैनन् पनि" । अर्को गाविसका एकजना व्यक्तिले "सडक समितिमा एनेकपा(माओवादी) का कार्यकर्ता र समर्थकहरू मात्र छन् र समिति पटक्कै पारदर्शी छैन" महोत्तरीका धेरै नागरिकहरूले उपभोक्ता समूहहरूको राजनीतिकरणलाई भ्रष्टाचारसँग जोडे । एकजना व्यक्तिले यसो पनि भने, "७५ प्रतिशत रकम परियोजनाका लागि खर्च हुन्छ तर २५ प्रतिशत चाहीं समूहका सदस्यहरूबीच बाँडफाँड हुन्छ ।"

## उ. निष्कर्ष

राजनीतिक दलहरू आफ्नो प्रत्यक्ष भूमिका नहुने उपभोक्ता समूहहरू तथा विद्यालय व्यवस्थापन समितिहरूसहित अन्य स्थानीय निकायहरूका प्रमुख अभियन्ता हुन् । स्थानीय निकायहरूमा दलको प्रतिनिधित्व गर्ने नीति तथा नियमहरूका अलावा दलका स्थानीय शाखाहरू आफ्नो भूमिका तथा प्रभाव निर्धारण गर्न प्रायः जसो अनौपचारिक नीतिहरूको अनुशरण गर्दछन् । केही मामिलामा यो संलग्नताले जिम्मेवार तथा घोषित निर्णयकार्यलाई बढावा दिने भए पनि यस प्रतिवेदनका लागि अन्तर्वार्ता गरिएका धेरै व्यक्तिहरूले स्थानीय विकास तथा विद्यालय व्यवस्थापनमा सर्वसाधारणको सहभागिताभन्दा दलको स्वार्थ तथा प्रतिनिधित्वलाई बढी प्राथमिकता दिइएको भाव व्यक्त गर्दै प्रत्यक्ष भ्रष्टाचार सामान्य रहेको आरोप लगाए । स्थानीय निकायहरूको राजनीतिकरणले दलका समर्थकहरूबीच कहिलेकाहीं गम्भीर विवाद तथा हिंसात्मक झडप समेत निम्त्याएको छ । स्थानीय निकायहरूमा राजनीतिक दलका भूमिकाको व्यवस्थापन तथा तिनका वृहत्तर परिणाम सरकार, जनता तथा दलहरूका लागि जारी र बहुपक्षीय चुनौती हो । यस मामिलामा, वार्ता गरिएका धेरै व्यक्तिहरूले नागरिकहरूका लागि स्थानीय निकायको अझ ठोस जवाफदेहिता सुनिश्चित गर्न स्थानीय निर्वाचन गर्नु महत्वपूर्ण कदम हुने सुझाव दिए ।

कार्टर सेन्टर आफ्नो समय र धारणाहरू उदारतापूर्वक खर्चेर यो प्रतिवेदनमा सहयोग पुऱ्याउने नागरिक, नागरिक समाज प्रतिनिधि, सरकारी अधिकारी, पत्रकार, राजनीतिक दलका सदस्य तथा अन्तराष्ट्रिय समुदायका सदस्यहरूप्रति आभार प्रकट गर्दछ । यो सहयोगबिना यो प्रतिवेदन तथा कार्टर सेन्टरको नेपालको कार्य सम्भव हुन्नथ्यो ।